# एचआईभी/एड्स कसरी लाग्दछ

## शरीरको कुन द्रब्य पदार्थमा एचआईभी हुन्छ?



एचआईभी एक भाइरस हो जुन रगत र शरीरको अन्य द्रब्य पदार्थमा बस्दछ | यी द्रब्य पदार्थहरु एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दा संक्रमण हुन सक्छ | एचआईभी मुख्यतया तीन तरिका बाट फैलन सक्छ- यौन सम्पर्क द्वारा, सुईको साझेदारी, तथा गर्भावस्थामा, वा स्तनपान गराउँदा आमाबाट बच्चामा |

## निम्नलिखित द्रब्य पदार्थहरुमा उच्च मात्रामा एचआईभी हुने कुरा पत्ता लागेको छ :

- रगत
- योनीरसविर्य
- मलद्वारको
- श्लेष्मझिल्ली
- स्तनको दुध

आँसु, रल, तथा पिसाब मा एचआईभी न्यून मात्रमा पाइएको छ, तर यी द्रब्य पदार्थहरुले एचआईभी संक्रमण फैलाएको देखिएको छैन | मानव पसिनामा एचआईभी पाईएको छैन |

स्वास्थकर्मीहरु उच्च मात्रामा एचआईभी भएका अन्य शारीरिक द्रब्य पदार्थहरुको सम्पर्कमा आउन सक्छन्, जस्तै:

एम्नीओटीक फ्लुड - गर्भावस्थामा भ्रूणको वरिपरी

सेरिब्रोस्पाइनल फ्लुड - गिदी र स्पाइनाल कोर्ड को वरिपरी

साइनोभियल फ्लुड - जोर्नीमा हड्डीहरुको बिचमा

## शरीरको द्रब्य पदार्थहरुद्वारा एचआईभी कसरि फैलन्छ?

शरीरको द्रब्य पदार्थहरुद्वारा एचआईभी मुख्य तिन तरिकाबाट फैलन्छ:

– यौन सम्पर्क
– गर्भावस्था, प्रसव वा स्तनपान
– सुइद्वारा लागूऔषधको दुरुपयोग

**एचआईभी यौन सम्पर्क गर्दा –** योनी, लिङ्ग, मलाशय वा मुखको झिल्ली मार्फत फैलन्छ | योनी, मुख, वा मलद्वारबाट यौन सम्पर्क गर्दा यी भागहरुका झिल्लीहरुमा क्षति हुनसक्छ, जसले एचआईभी भाइरसलाई रक्तप्रणालीमा प्रवेश खुला गरिदिन्छ | प्रायजसो, यो क्षति भएको थाह नै हुँदैन |

यौन सम्पर्क बाट सर्ने रोग (एसटिडी) हरु, जस्तै क्लामाइडीया र गोनोरियाले, योनी, मुख, मलाशय, र लिंगको झिल्लीमा साना दरारहरु पार्छ | यसले एचआईभीलाई रक्त प्रणालीमा प्रवेश खुला गरिदिन सक्छ | खुला घाऊ गराउने एसटिडीहरु (जस्तै हर्पिस वा सिफिलिस) लागेको बेलामा एचआईभी यी घाऊहरु मार्फत प्रवेश गर्न सक्छ |

**गर्भावस्था, प्रसव (जब बच्चा योनीमार्ग बाट निस्कीराखेको हुन्छ), वा स्तनपान गराउंदा -** संक्रमणितरगत वा स्तनको दुधमार्फत एचआईभी फैलन्छ | (यसलाई आमाबाट बच्चामा सर्ने भनिन्छ)|







**सुईद्वारा औषधि प्रयोगको परिणाम स्वरूप -** एचआईभी सुइको साझेदारी तथा त्यस्ता "वोर्क्स" जुन सङ्क्रमित रगतबाट फोहर हुन सक्छन् (जस्तै, कुकर, चम्चा, बोतलको बिर्को, कपास/फिल्टर, पानी) मार्फत फैलन्छ |

एकदमै बिरलै रुपमा एचआईभी निम्न माध्यम मार्फत फैलन सक्छ:

- सङ्क्रमित रगतको रगतसारी |
- काम गर्दा *(मुख्यतया सङ्क्रमित रगत र अन्य द्रब्यपदार्थहरुको सम्पर्कमा आउने स्वास्थ्यकर्मीहरु)* |
- अङ्ग प्रत्यारोपण |



एचआईभी/एड्स बारेमा तपाईंका कुनैपनि प्रश्नहरुको जवाफ पाउने कुरामा सुनिश्चित हुनुहोस् | तपाईंको जनस्वास्थ्य बिभाग तथा स्वास्थ्य सेवा प्रदायकले मद्दत गर्न सक्छन् |

Text adapted from materials on the AIDS.gov website.
Handout by Healthy Roads Media (www.healthyroadsmedia.org),
Funding from Division of Specialized Information Services of the National Library of Medicine It can be freely distributed under the Creative Commons Attribution-NonCommercial-NoDerivs License (http://creativecommons.org/licenses/by-nc-nd/3.0/us)